*मिति २०८१/०१/१० गते*
*बैठक संख्याः १२३*

**<u>गोरखा नगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०१/१० गतेको १२३औं बैठकका प्रस्ताव तथा निर्णयहरु-</u>**

*प्रस्ताव नं १ः*

पूर्व बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।

*निर्णय नं १ः*

नगर कार्यपालिकाले यसअघि गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा समीक्षा गरियो ।

*प्रस्ताव नं. २ः*

नगर शिक्षा समितिले मिति २०८०।१२।२४ गते गरेको निर्णय अनुमोदन, रकम साझेदारी तथा शिक्षा व्यवस्थापन सम्बन्धमा।

*निर्णय नं. २ः*

क. नगर शिक्षा समितिको मिति २०८०।१२।२४ गते बसेको बैठकले गरेका निर्णयहरुलाई अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखराबाट प्रकाशित सूचना अनुसार लिड विद्यालय विकास प्रस्तावमा स्थानीय तहबाट गरिने साझेदारी कार्यक्रम यस नगरपालिका भित्रका विद्यालयहरु छनौट भएमा विद्यालयमा नियमानुसारको साझेदारी गरिने प्रतिबद्धता गर्ने निर्णय गरियो ।

ग. यस नगरपालिका भित्रका विद्यालयहरुलाई मर्ज/दरबन्दी मिलान/शिक्षक व्यवस्थापन गर्दा विद्यार्थी संख्या (न्यूनतम ३०) र विद्यार्थीको लागि पहुँचको आधारमा व्यवस्थापन गर्ने तथा सोको लागि आवश्यक विधि तथा कार्यान्वयनका क्रममा उल्लङ्घन भएमा नगर शिक्षा समितिले प्रचलित ऐन, नियम तथा थप कार्यविधि बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं. ३ः*

२०८० साल चैत्र महिनामा आएको हावाहुरी सहितको बर्षाका कारण गोनपा वडा नं. १ श्यामबजार स्थित खानेपानीको मुहान र इन्टेकमा भएको क्षति सम्बन्धमा।

*निर्णय नं. ३ः*

गोनपा-१, श्यामबजारमा रहेको खानेपानीको इन्टेकमा हावाहुरी र वर्षातका कारण लागत अनुमान अनुसार भएको क्षति रकम रु. १,००,०००/- नगरपालिकामा रहेको विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी निर्माण गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

मिति २०८१/०१/१० गते
बैठक संख्याः १२३

*प्रस्ताव नं. ४:*

गोरखा नगरपालिकाका योजना तथा कार्यक्रमहरुको अनुगमन गर्न नगर उप-प्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिमा सदस्य थप गर्ने सम्बन्धमा।

*निर्णय नं. ४:*

गोरखा नगरपालिकाको बजेट योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७४ मा रहेको विद्यमान योजना तथा कार्यक्रम अनुगमन समितिमा संशोधन गरी सम्बन्धित शाखाको शाखा प्रमुख समेत थप १ (एक) जना सदस्य रहने निर्णय गरियो |

*प्रस्ताव नं. ५:*

पशु विकास अधिकृतको नियुक्ति अनुमोदन सम्बन्धमा।

*निर्णय नं. ५:*

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको विज्ञापन नं ७०३०/०८०/०८१ (खुला), मिति २०८१/०१/०२, च.नं. ७८ को सिफारिस-पत्र अनुसार स्थानीय कृषि सेवा, ला.पो.डे.डे. समूह, पशु विकास अधिकृत (सातौं तह) मा यस कार्यालयको मिति २०८१/०१/०६, च.नं. १३०५ को पत्रानुसार स्थायी नियुक्ति गरिएका पूर्वखोला-४, पाल्पा बस्ने संगीता खत्रीको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो |

*प्रस्ताव नं. ६:*

दोस्रो ऐतिहासिक गोरखा-जितगढी पदयात्रा कार्यक्रमको खर्च अनुमोदन सम्बन्धमा।

*निर्णय नं. ६:*

नेपाली सेनाको नेतृत्वमा मिति २०८०/१२/२७ गते संचालन गरिएको दोस्रो ऐतिहासिक गोरखा-जितगढी पदयात्रा कार्यक्रमको खर्च रकम रु. १,८०,०००/- अनुमोदन गर्ने निर्णय गरियो |

*प्रस्ताव नं. ७:*

शक्ति मा.वि., गोनपा-६, को लागि फर्निचर खरिद गर्न रकम विनियोजन गर्ने सम्बन्धमा।

*निर्णय नं. ७:*

शक्ति मा.वि., गोनपा-६ को लागि आवश्यक पर्ने फर्निचर खरिद बापत रु. २,००,०००/- फर्निचर तथा फिक्चर्स शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो |

*प्रस्ताव नं. ८:*

नगरपालिका भित्रका बाँकी रुखहरुको हाँगा कटान गर्ने सम्बन्धमा।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डुम्रीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल



कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

*मिति २०८१/०१/१० गते*
*बैठक संख्याः १२३*

*निर्णय नं. ८:*

गोरखा नगरपालिका भित्रका जिर्ण रुपमा रही मानवीय क्षति गर्न सक्ने रुखहरुको हाँगा कटानी गर्नको लागि विपद व्यवस्थापन कोषबाट रु. १,००,०००/- विनियोजन गर्ने निर्णय गरियो |

*प्रस्ताव नं. ९:*

भगिनी सम्बन्ध कायम रहेको निलकण्ठ नगरपालिकामा मिति २०८१ बैशाख २५ र २६ गते संचालन हुने विभिन्न कार्यक्रममा जनप्रतिनिधिहरु र कर्मचारीहरु सहभागी हुने सम्बन्धमा।

*निर्णय नं. ९:*

भगिनी सम्बन्ध कायम रहेको धादिङको निलकण्ठ नगरपालिकाको मिति २०८१/०१/०४, च.नं २७५६ को पत्रानुसार सो नगरपालिकाको मिति २०८१/०१/२६ गते पर्न गएको स्थापना दिवसको अवसरमा उक्त नगरपालिकाद्वारा मिति २०८१/०१/२५ गते निलकण्ठ नगरपालिका र यस नगरपालिका बीचको मैत्रीपूर्ण फुटबल प्रतियोगिता र मिति २०८१/०१/२६ गते संयुक्त कार्यपालिका बैठक आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा यस नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी सहितको संयुक्त टोली सहभागी हुने साथै सो कार्यक्रमका लागि विशिष्ट अतिथि तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च शिर्षकबाट रु. १,५०,०००/- खर्च गर्ने निर्णय गरियो |

*प्रस्ताव नं १०:*

योजनाहरुको डिपीआर निर्माणको सम्बन्धमा

*निर्णय नं १०:*

नगर गौरवका योजनाहरु अन्तर्गत तपशील बमोजिमका योजनाहरुको डिपीआर निर्माणको लागि नगर विकास कोष, काठमाडौंसँग अनुरोध गर्ने निर्णय गरियो |

तपशीलः

क. ठिगुरेस्वारा बसपार्क निर्माण कार्य, गोनपा- ९

ख. गोरखा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य, गोनपा- ८

*प्रस्ताव नं ११:*

सहमति माग गर्ने सम्बन्धमा

*निर्णय नं ११:*

क. गोरखा नगरपालिकाको नगर योजना अन्तर्गत ठिगुरेस्वारा बसपार्क निर्माणका लागि जग्गा गोरखनाथ गुठी संस्थानको नाममा रहेकोले उल्लेखित स्थानको जग्गाहरुलाई चक्लाबन्दी (land pulling) गरी



गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

व्यवस्थित बसपार्क बनाउने उद्देश्य रहेकोले उक्त जग्गाको स्वामित्व/भोकाधिकार/सहमति माग गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

ख. गोनपा-६, चंडेनी डाँडामा गुरु गोरखनाथको प्रतिमूर्ति स्थापना तथा पार्क निर्माण कार्यको नगर विकास कोष, काठमाडौं र गोरखा नगरपालिकाको साझेदारीमा डी.पी.आर. निर्माण भैसकेको । उल्लेखित जग्गा नेपाल सरकार पुरातत्व विभागको स्वामित्वमा रहेकोले जग्गाको भोगाधिकार/सहमतिको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं १२ः*

मर्स्याङदी नदीमा मोटरबोट सञ्चालन सम्बन्धमा

*निर्णय नं १२ः*

गोनपा-१४ र आँबुखैरेनी गा.पा. बीचमा अवस्थित मर्स्याङदी ड्याम साइट क्षेत्रमा आँबुखैरेनी गा.पा., तनहुँले सञ्चालनमा ल्याएको मोटरबोट गोरखा न.पा र आँबुखैरेनी गा.पाले संयुक्त रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन र सोबाट प्राप्त हुने राजस्व बाँडफाँटको लागि आँबुखैरेनी गा.पा.सँग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं १३ः*

मर्मत संभार र सवारी साधन शीर्षकमा विनियोजित बजेटको रकमान्तर सम्बन्धमा ।

*निर्णय नं १३ः*

आ.व २०८०/८१ मा नगरपालिकातर्फ मर्मतसंभार शीर्षकमा विनियोजित रु. ४०,००,०००/-, सवारी साधन खरिदतर्फ विनियोजित रु. २०,००,०००/- र सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्चतर्फ विनियोजित रु. २५,००,०००/- मध्येबाट तपशील बमोजिमको योजनामा रकमान्तर गर्ने निर्णय गरियोः

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | सुरु विनियोजित बजेट (रु.) | रकमान्तर हुने रकम (रु.) | रकमान्तर भई सञ्चालन हुने योजना तथा कार्यक्रमहरु | बजेट (रु.) |
|---|---|---|---|---|---|
| १ | मर्मत संभार | ४०,००,०००/- | १८,८५,०००/- | प्याकुलडाँडा खा.पा. मोटर खरिद, गोनपा-५ | १,३५,०००/- |
| | | | | गणेश मगर गुठी भवन निर्माण, गोनपा-५ | २,५०,०००/- |
| | | | | आएटारी फाँट नाली निर्माण, गोनपा- ८ | ५०,०००/- |
| | | | | कुडाघर चालिसे कुलो मर्मत, गोनपा-१३ | २,००,०००/- |
| | | | | सलाङगिरी खा.पा. संरक्षण, गोनपा-१४ | २,००,०००/- |
| | | | | छेवेटार क्रिश्चियन मसानघाट जाने बाटो, गोनपा-१० | २,००,०००/- |
| | | | | गोपलिङ अधुरो शहिद गेट निर्माण, गोनपा-१४ | १,००,०००/- |
| | | | | डांडे कुलो मर्मत, गोनपा-१३ | १,५०,०००/- |
| | | | | नानु वि.क. स्मृति प्रतिक्षालय, गोनपा-८ | १,००,०००/- |



गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डुम्रीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सवारी साधन | २०,००,०००/- | १०,००,०००/- | पदेल भन्ज्याङ-फुलबारी सडक मर्मत/स्तारोन्नति, गोनपा-१३ | १,००,०००/- |
| | | | | राजु स्मृति प्रतिक्षालय निर्माण भट्टवेंशी, गोनपा-१४ | २,००,०००/- |
| | | | | मान्द्रेढुङ्गा जलदेवी महिला समूह भवन मर्मतसंभार, गोनपा-७ | २,५०,०००/- |
| | | | | जोगीधारा खानेपानी मर्मत, गोनपा-३ | २,५०,०००/- |
| | | | | ढापखोला प्युघरटारी खा.पा. मर्मत, गोनपा-१४ | २,००,०००/- |
| | | | | सिम्लेफाँट अजिंगरे कुलो, गोनपा-१३ | २,००,०००/- |
| | | | | नेवारी गुठी समाज मर्मत आहाले, गोनपा-८ | १,००,०००/- |
| | | | | हिमालयन गुठी समाज, गोनपा-१२ | ५०,०००/- |
| | | | | नौ किलो शान्ति टोल महिला भवन, गोनपा-१२ | २,००,०००/- |
| ३ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २५,००,०००/- | १,५०,०००/- | दराईटार पञ्चेबाजा खरिद, गोनपा-१२ | १,३०,०००/- |
| जम्मा (रु.) | | | ३०,३५,०००/- | जम्मा (रु.) | ३०,०५,०००/- |

*प्रस्ताव नं १४:*

विविध

*निर्णय नं १४:*

गोनपाको स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरुले eHMIS Digitization (स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली) प्रयोग गरी गाउँघर क्लिनिक र खोप क्लिनिकबाट (फिल्ड भिजिट) तथ्यांक संकलन, रेकर्डिङ तथा रिपोर्टिङ कार्य संचालन गर्ने प्रयोजनका लागि मेशिनरी तथा औजार शीर्षक (ख.शि.नं: ३११२२) मा विनियोजित रु. २५ लाख मध्येबाट आवश्यक ट्याब्लेट खरिद गर्न रु. ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल